दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

मिति : २०६८/५/२१ गते ।

**विषय : पेस विज्ञप्ति ।**

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात हलिया मुक्तिको घोषणा भएको आज भाद्र २१ गते तीन वर्ष पूरा हुदैछ । खुशीको कुरा यो वर्षको हलिया मुक्ति दिवस नेपाल सरकारले मनाउदैछ । सरकारले उत्सव मनाइरहँदा उससंग मुक्त हलियाहरुलाई मुक्तिको घोषणा पछिका तीन वर्षका उपलब्धी देखाउने कुनै गतिलो काम देखिएको छैन । हलियाहरु प्रभावकारी पुनःस्थापना नभएको भन्दै सर्वोच्च अदालतमा पुगेका छन । मुक्त हलियाको सही तथ्याँक आएको छैन । हालसम्म हलिया सम्बन्धी कुनै ऐन पारित गरिएको छैन । पुनःस्थापनाका नाममा एक टुक्रा जमिन बाँडिएको छैन । एक जना हलियालाई पनि राहत बाँडिएको छैन । मुक्त हलियाका लागि परिचय पत्र बाँडिएको छैन । अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु तथा दातृनिकायलाई हलिया पुनःस्थापनाको काममा परिचालन गर्न सकिएको छैन । यति मात्र होइन सबै राजनीतिक दलहरुले यसलाई साझा मुद्दा बनाउन सकेका छैनन अर्थात सबै दलहरुले स्वीकार गरेका छैनन । हलिया सम्बन्धी बनेका कार्यदल तथा अन्य समितिहरु सर्बदलीय बनेका छैनन जसले गर्दा उसले गरेका कामहरु सर्वस्वीकार्य बन्न सकेका छैनन । यसको मुलकारण हलिया आन्दोलनमा कार्यरत अधिकारकर्मी र संगठनहरुको मागको वेवास्ता गर्नु रहेको छ ।

उपरोक्त चुनौतिहरुलाई अवसरमा बदल्न नेपाल सरकारले तत्काल हलिया श्रम निषेध गर्न बनेको ऐन जारी गर्न र कम्तिमा ५ वर्षे हलिया पुनःस्थापनाको एकीकृत प्याकेज बनाउन आजको दिनमा जोडदार माग गर्न चाहन्छौं । साथै वि.सं. २०३६ सालदेखि हलिया मुक्तिको सपना बोकेर हलिया मुक्ति आन्दोलनमा सक्रीय हलिया आन्दोलनका अग्रज तथा यसका शुभचिन्तकहरुमा हलिया मुक्ति दिवसको अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै पुनःर्स्थापनाको निर्णायक आन्दोलनमा थप सक्रीय हुन आव्हान गर्दछौं । र हलिया मुक्ति आन्दोलनको सूत्राधार संगठनका हैसियतले हाम्रो संगठन राष्टिय दलित नेटवर्क (RDN) निरन्तर संर्घरत रहने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौं ।

गणेश वि.के.
अध्यक्ष